# फाल्गुनन्द गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

फालेलुङ, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३ मितिः-२०८२/०५/१७

सुचना नं. ०३-२०८२/०८३

## राष्ट्रिय दैनिकमा सूचना प्रकाशन कार्यको लागि सिलवन्दि प्रस्ताव आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मितिः-२०८२/०५/१७)

फाल्गुनन्द गाउँपालिकाको कार्यालयबाट सम्पादन गरिने बिभिन्न निर्माण, खरिद कार्य लागायत विभिन्न सूचनाहरु "क" वर्गका राष्ट्रिय दैनिक पत्रपत्रिकामा आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यकता अनुसार विभिन्न मिति/समयमा प्रकाशन गर्नुपर्ने भएको हुँदा एडभरटाईजिङ एजेन्सीहरुले सूचना प्रकाशनको दररेट र उक्त दररेटमा के कति छुटमा सूचना प्रकाशन गर्न सकिने हो सो सम्बन्धी सिलवन्दी प्रस्ताव निम्न शर्तहरुको परिधि भित्र रहि सिलवन्दि गरि पेश गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरुः-</u>

१. यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन (कार्यालय समय) भित्र कुन कुन पत्रिकामा के कति छुटमा सुचना प्रकाशन गर्न सकिने हो सो उल्लेख गरि रु १०००।– को नगदी रसिद सहित संलग्न गरि सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. प्राप्त सिलवन्दि प्रस्तावहरु सूचना प्रकाशित मितिले १६ (सोह्र) औं दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव फाराम खोल्न कुनै वाधा पर्नेछैन ।

३. प्रस्तावदाताले प्रस्तावसाथ एजेन्सी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. २०८१/८२ को करचुक्ता प्रमाणपत्र तथा राष्ट्रिय दैनिक पत्रिकाबाट एजेन्सीको कार्य गर्न प्रदान गरेको स्वीकृत पत्रको प्रतिलिपि प्रमाणित गरि पेश गुर्नुपर्नेछ ।

४. प्रस्ताव फाराम बाहिर प्रस्तावदाताले फर्मको नाम, ठेगाना, सम्पर्क नं., तथा विषय स्पष्ट संग उल्लेख गर्नु पर्नेछ ।

५. पेश हुन आएका प्रस्तावित दररेटहरु मध्येबाट कम दररेटमा गुणस्तरीय सेवा प्रदान गर्न सक्ने प्रस्ताव छनौट गरिनेछ ।

२०८२/०५/१७

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत